परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष १० ❑ अंक ३९ २०७९ बैशाख २५ गते आईतवार Sunday 8, MAY 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-



पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर


## कोइराला र यादवको भोट माग्दै डिला




विराटनगर । बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको लागि विराटनगर महानगर पालिकाको प्रमुख र उपप्रमुखमा उम्मेदवारी दिएका गठवन्धनका नेता क्रमश नागेश कोईराला र अमरेन्द्र यादवको भोट माग्दै नेपाली काँग्रेसका केन्द्रीय सदस्य डिला संग्रौलाको टाली आम मतदाताको घर दैलोमा पुग्ने गरकोका छन् ।

वांकी ३ पेजमा...

## हत्यामा संलग्न भएको आरोपमा तीन पक्राउ

विराटनगर । मृत फेला परेकी ईलाम नगरपालिका-८ कि ३१ बर्षीया बिनिता काफ्लेको हत्या आरोपमा संग्लग्न स्थानीय ४२ बर्षीय देवेन्द्र रिमाललाई जिल्ला प्रहरी कार्यालय ईलामले पक्राउ गरेको छ ।

बैशाख १७ गते इलाम नगरपालिका-८ सिङफि्रङ बेलडाँडामा टाउको र शरिरका बिभिन्न भाग छुट्टाछुटै भई खाल्डोमा पुरिएको अवस्थामा काफ्लेको शव फेला परेको थियो । शव फेला परे संगै अनुसन्धानको क्रममा रिमाल संग काफ्लेको घनिष्ट सम्बन्ध रहेको खुले संगै निजलाई पक्राउ गरिएको थियो ।

सोधपुछको क्रममा रिमाल ले उक्त घटना आफैले घटाएको भनी साबिति बयान दिएको जिल्ला प्रहरी कार्यालय ईलामले जनाएको छ । घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ ।

यसैगरी देउमाई नगर पालिका-७ का ४५ बर्षीय सन्तोष बाला राईको हत्या गरेको आरोपमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

बैशाख १५ गते स्थानीय स्वास्थ्य चौकीबाट कोरोनाको खोप लगाई फर्कदै गरेका राईको हत्या सम्बन्धमा अनुसन्धान गर्ने क्रममा २ जनालाई जिल्ला प्रहरी कार्यालय ईलामले पक्राउ गरेको थियो ।

पक्राउ पर्नेहरुमा देउमाई नगरपालिका-७ चुलिगाउँका २३ बर्षीय भुपेन राई र निजकै भाई २० बर्षीय श्रीचन्द्र राई रहेका छन् । उनीहरुले कोरोनाको खोप लगाई घर फर्कदै गरेका राईलाई बाटोमा सामान्य बादबिबादकै

वांकी ३ पेजमा...

## 'व्यवस्थित नगर' वनाउने प्रतिवद्धता



विराटनगर । स्थानीय तह निर्वाचन प्रचार अभियानका क्रममा एमालेको तर्फबाट विराटनगरका मेयरका उमेदवार सागर थापा र उपमेयरकी उमेदवार शिल्पा कार्कीले वडा-वडामा पुगेर भोट माग्दै विराटनगरलाई 'व्यवस्थित नगर' बनाउने प्रतिवद्धता जनाएका छन् ।

बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा विराटनगर महानगर पालिकाको लागि मेयर र उपमेयरका उमेदवारहरुले वडा नं. ९ को घरदैलो कार्यक्रममा सहभागी भएर जनअपेक्षा बुझ्दै चुनावपछि उचित सम्वोधन गर्ने प्रतिवद्धता जाहेर गरेको छ ।

मुख्य बजार खण्ड बुधहाट चोकको कोणसभालाई सम्वोधन गर्दै मेयरका उमेदवार थापाले बजार क्षेत्र विशेषका समस्या हरुलाई उचित ढङ्गले व्यवस्थित गर्ने बताए । उनले आफूले चुनाव जितेर महानगरको नेतृत्व लिएपछि नेकपा एमालेले अघि सारहेको 'समृद्ध विराटनगर, सुखी नगरवासी' को अवधारणा लाई साकार पार्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

थापाले भने आफू नेतृत्वमा पुगेपछि विराटनगरमा प्रदेश एकको राजधानीको व्यवस्थित

वांकी ३ पेजमा...

## २५ लाख बराबरको भन्सार छलीका समान बरामद

विराटनगर । जिल्ला प्रहरी कार्यालय मोरंगबाट खटिएको प्रहरीले २५ लाख बराबरको भन्सार छलिको समानहरु बरामद गरको छ ।

आईतवार जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १० स्थित जिल्ला काभ्रे पाँचखाल ६ बस्ने बर्ष ५२ को ट्रक चालक गोपालनाथ राईले भारतबाट नेपालतर्फ अवैध रूपमा भन्सार छलि ल्याउदै गरको समानहरु बरामद गरेको थियो ।

ना ३ ख ७८१२ नम्बरको ट्रकमा लोड गरी लुकाई छिपाई ल्याएको ४ हजार २ सय केजी केराउ र सोही मितिमा देश भारत जिल्ला अररिया नगर पञ्चायत ९ जोगवनी बस्ने बर्ष २९ को अनोज सिंहले बी आर ३८ एम ६६७५ नम्बरको भारतिय मोटर साईकलमा जिल्ला मोरङ विराटनगर महानगर पालिका वडा नं.-११ स्थित भारतबाट नेपालतर्फ अवैध रूपमा भन्सार छलि चोरी पैठारी गरी विभिन्न लत्ताकपडाहरू ल्याउँदै गरेको थियो ।

सो लत्ताकपडाको कुल लागत मुल्य २५ लाख ३ सय

वांकी ३ पेजमा...







क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## व्यवस्थित...

संरचना निर्माणका लागि आवश्यक जग्गा उपलव्ध गराएर व्यवस्थित गर्ने पनि बताए ।

उपमेयरकी उमेदवार शिल्पा कार्कीले आफ्नो टिमले जिम्मेवारी पाएपछि अव्यवस्थित विराटनगरलाई व्यवस्थित, समुन्नत र सुन्दर शहरको रुपमा विकास गर्ने अवधारणा व्यक्त गरिन् ।

नगरक्षेत्रभित्र रहेको बजार तथा सडक र ट्राफिक व्यवस्थापनमा ध्यान दिएर व्यवस्थित बजार निर्माण गर्ने आफ्नो योजना रहेको पनि कार्कीले बताइन् । त्यसैगरी बजारको फोहोर व्यवस्थापनको उचित प्रवन्धका लागि पनि एमालेले आफ्ना प्रतिवद्धतामा उल्लेख गरे अनुसारका कार्यक्रम सञ्चालन गर्ने उनको तर्क थियो ।

वडा नं. १२ का अध्यक्ष उमेदवार श्रीप्रकाश टोटलाले पनि कोणसभालाई सम्वोधन गर्दै आफ्ना प्रतिवद्धताहरु जनसमक्ष प्रस्तुत गरेका थिए ।

एमाले उमेदवारहरुले वडा नं. १४ मा घरदैलो गरी एमाले प्रतिको जनभावना सङकलन गर्दै । सोही वडाका विभिन्न पाँचस्थानमा कोणसभा गरियो । कोणसभामा पार्टीका जिल्ला सचिव रुपेश खतिवडाले एमालेको अभियान मा सरिक भएर एमालेप्रति देखाएको सद्भाव र समर्थनको प्रशंसा गर्दै नगरवासीलाई धन्यवाद दिए ।

मेयरका उमेदवार सागर थापा मुस्लिम समुदायको पावन पर्व इदमिलन कार्यक्रममा सरिक हुँदै घरदैलो लगायत चुनावी प्रचार अभियान कार्यक्रममा पार्टीका स्थायी कमिटी सदस्य लालबाबु पण्डित, मोरङ जिल्ला उपाध्यक्ष बाबुराम कार्की सचिव रुपेश खतिवडा लगायतको उपस्थिति रहेको थियो ।

## कोइराला...

पाँच दलीय गठवन्धनका तर्फवाट विराटनगर महानगर पालिकाको प्रमुखमा कोईराला र उपप्रमुखमा जनता समाजवादी पार्टीको तर्फवाट यादवले उम्मेदवारी दिएका छन् ।

घरदैलो सहितका प्रचार अभियानमा कांग्रेसका केन्द्रीय नेताहरु जोडिने क्रम पनि चलिरहेको छ । केन्द्रीय सदस्य डा. डिला संग्रौला विराटनगरमा संचालित चुनावी अभियानमा सक्रिय भएकी छन् । उनी कोइरालासंगै मतदाताका घरघर गई मत मागिरहेकी छन् ।

विराटनगर महानगर पालिकाका विभिन्न वडामा संचालित घरदैलो कार्यक्रममा संग्रौलाले विराटनगरको विकासको लागि कांग्रेसका उमेदवार नागरेश कोईराला र जसपाका उम्मेदवार अमरेन्द्र यादवलाइ विजयी गराउन मतदाता समक्ष आग्रह गर्दै समग्र गठवन्धनका उम्मेदवार लाई जितिउन पार्टी पंक्तिलाई समेत निर्देशन दिएको छ ।

## २५ लाख...

बराबरको सामान बरामद गरिएको थियो । सो सामग्री आवश्यक कारवाहीको लागि मुल भन्सार कार्यालय रानी विराटनगरमा बुझाईएको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

## हत्यामा...

क्रममा अन्धाधुन्द कुटपिट गरी हत्या गरेको खुले संगै दुबै जनालाई पक्राउ गरीएको थियो ।

घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ ।

विराटनगर । मृत फेला परेकी ईलाम नगरपालिका-८ कि ३१ बर्षीया बिनिता काफ्लेको हत्या आरोपमा संग्लग्न स्थानीय ४२ बर्षीय देवेन्द्र रिमाललाई जिल्ला प्रहरी कार्यालय ईलामले पक्राउ गरेको छ ।

बैशाख १७ गते इलाम नगरपालिका-८ सिङफ्रिङ बेलडाँडामा टाउको र शरिरका बिभिन्न भाग छुट्टाछुटै भई खाल्डोमा पुरिएको अवस्थामा काफ्लेको शव फेला परेको थियो । शव फेला परे संगै अनुसन्धानको क्रममा रिमाल संग काफ्लेको घनिष्ट सम्बन्ध रहेको खुले संगै निजलाई पक्राउ गरिएको थियो ।

सोधपुछको क्रममा रिमालले उक्त घटना आफैले घटाएको भनी साबिति बयान दिएको जिल्ला प्रहरी कार्यालय ईलामले जनाएको छ । घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ ।

यसैगरी देउमाई नगर पालिका-७ का ४५ बर्षीय सन्तोष बाला राईको हत्या गरेको आरोपमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

बैशाख १५ गते स्थानीय स्वास्थ्य चौकीबाट कोरोना को खोप लगाई फर्कदै गरेका राईको हत्या सम्बन्धमा अनुसन्धान गर्ने क्रममा २ जनालाई जिल्ला प्रहरी कार्यालय ईलामले पक्राउ गरेको थियो ।

पक्राउ पर्नेहरुमा देउमाई नगरपालिका-७ चुलिगाउँका २३ बर्षीय भुपेन राई र निजकै भाई २० बर्षीय श्रीचन्द्र राई रहेका छन् । उनीहरुले कोरोनाको खोप लगाई घर फर्कदै गरेका राईलाई बाटोमा सामान्य बादबिबादकै क्रममा अन्धाधुन्द कुटपिट गरी हत्या गरेको खुले संगै दुबै जनालाई पक्राउ गरीएको थियो ।

घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ ।

## नेकपा...

प्रतिवद्धता प्रकट गरेको छ ।

२०५४ सालको निर्वाचन मार्फत महानगरको नेतृत्व सम्हालेपछि भएको समृद्धिका अन्य आधारहरू जस्तै ढल निकासको गुरु योजना र चरणवद्ध निर्माण कार्य, सडक तथा भवन निर्माण मापदण्ड निर्धाण, नगर यातायात सञ्चालन गर्न बस टर्मिनलका लागि जग्गा खरिद, रिङ्रोडको रेखाङ्कन, विशेष आर्थिक क्षेत्र निर्माण जस्ता नगरवासीहरूको वृहत्तर हित कार्ययोजनाको निरन्तरता दिने प्रतिवद्धता ।

एमालेले विराटनगरका महत्वपूर्ण विकास अभियानहरू सर्वदलीय सहमतिमा दिगो विकासको अवधारणा अनुरुप तत्कालीन, अल्पकालीन र दीर्घकालीन योजना बनाए सम्पन्न गर्ने प्रवितद्धता जाहेर गरेको छ ।

वृहत विराटनगरको गुरुयोजना बनाई व्यवस्थित, विकसित र वातावरणमैत्री स्मार्ट सिटी बनाउने घोषणा गरिएको छ ।

गुणस्तरीय भौतिक पूर्वाधार निर्माण गरी न्याय समानता सहितको समृद्ध महनगर निर्माणको योजना एमालेले बनाएको छ ।

उपलब्ध स्रोत साधन र अवसरको उच्चतम सदुपयोग सुशासनयुक्त विकास कार्यक्रम अगाडि ल्याउने भएको छ । त्यसैगरी प्रदेश १ को राजधानी शहर विराटनगरमा प्रदेश सरकार र प्रदेश सभाका स्थायी भौतिक संरचना निर्माण गर्न आवश्यक पहल र सहजिकरण गर्ने बताएको छ ।

महानगरको सर्वाङ्ग्ण विकासका लागि एक स्वायत्त महानगर योजना आयोग बनाई त्यस अन्तर्गत नगरवासीको पहुँच स्थापित हुने गरी ‘योजना बैंक’ सञ्चालन गर्ने एमालेको योजना रहेको छ । यी र यस्ता अनेकन रचनात्मक क्रियाक लापहरू सम्पन्न गरी सुन्दर, हराभरा र समुन्नत विराटनगर निर्माणको नेतृत्वदायी भूमिकामा पुऱ्याउन एमालेलाई जिताउनुपर्ने सो पार्टीको अपेक्षा रहेको छ ।

पञ्चायत कालदेखि नै एमालेको प्रभावक्षेत्र रहेको विराटनगरमा २०४३ सालमा तत्कालीन जनपक्षीय उमेदवार विजयी गराएको हालको एमालेले २०५४ सालको स्थानीय तह निर्वाचनमा विराटनगरमा मेयर उपमेयर सहित अधिकाँश वडाहरू जितेको थियो ।

## सर्पदंश (सर्पको टोकाई) बाट बच्न

- घर वरिपरी सर्व लुक्न सक्ने स्म्भावित स्थानको खाजी गरी त्यस्ता गाउँहरूको व्यवस्थापन गरौं,
- घर वरिपरी सफा राखौं, प्वालहरू टालौं,
- खुला स्थानमा शौच नगरौं,
- सम्भव भए सम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्ने बेलामा ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदि निकाल्दा होसियारी अपनाऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।

## अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार द्वोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, painless प्रसुती सेवा, Emergency सेवा नया एंव अध्याधिक भरपर्दो (ICU/MICU,NICU) तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

### हाम्रो सेवाहरु :-

- ★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
- ★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
- ★ जनरल फिजिसियन सेवा
- ★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
- ★ Minor & Major surgery सेवा
- ★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
- ★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
- ★ 24 Hours Emergency सेवा
- ★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
- ★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
- ★ इनफर्टिलिटी क्लिनिक सेवा
- ★ X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# असल जनप्रतिनिधीको छनौट गरौं

*लोकतान्त्रिक व्यवस्थामा आम नागरिक निकै शक्तिशाली हुन्छन् । निर्वाचनमा विजय गराएका जनप्रतिनिधीहरु प्रतिवद्धताहरुले निर्देशित भएर हाम्रो घरदैलो सम्म पुग्दछन् । त्यसैले निर्वाचित जनप्रतिनिधिहरु जनताका वारेश पनि हुन् । उनीहरुले जनताको मताधिकार लिएर सरकार र विभिन्न निकायमा आवद्धभई भई जन अपेक्षा अनुसार काम गर्नु पर्ने हुन्छ । तर वास्तविक रुपमा लोकतन्त्रका आधारभूत मान्यतावाट दलहरु स्खलित भईरहेका छन् । आफ्नो अधिकार र दायित्व प्रति दिगभ्रमित दलहरु एक चुनाव पछि अर्को चुनाव सम्म चक्र जस्तै चलि रहेको छ । आमनागरिहरु बैशाख ३० हुने स्थानीय तहको चुनावको संहारमा आई सकेका छन् । विभिन्न चौक, गल्ली, गाउँ, टोल चिया पसल, आदी ठाउँमा मेयर, उपमेयर लगायतको प्रतिनिधीहरु कसलाई जिताउने र को जित्ने कुराको वहस सुन्नन पाईन्छ ।*

*आम मतदाताले आफ्नो विचार संग मिलेका वा अवल लागेको उम्मेदवार छान्न पाउने सुर्वन अवसर पनि हो । जनताको मुख्य चासो विकाससंग जोडिएकोले मुख्य चर्चा कुन पार्टीवा नेताले कति विकास गर्न सक्छ भन्ने एउटा बहस चलाई रहेका छन् । अर्थात जनताको पहिलो रोजाई भौतिक विकास, दोस्रो सुशासन र तेस्रो गुणस्तरीय (डेलेभरी) नै हो । त्यसैले जनताले यही तीन खाले विकासलाई जोडेर आम जनप्रतिनिधीहरुको तुलनात्मक रुपमा भोटको लागि कुन प्रतिनिधी चयन गर्ने प्राथमिकतामा राखेका हुन्छन् । साथै विभिन्न भाषा, धर्म, संस्कृतिको उत्थान भ्रष्टाचार न्यूनिकरण सुशासन, समावेशी र सामाजिक न्यायलाई आम जनसमुदायले सार्भभौमिक अधिकार सम्पन्न हुनको लागि स्थानीय चुनावमा भाग लिनुपर्छ ।*

*तसर्थ असल, इमान्दार, स्वच्छ छवि, शिक्षित, यूवा, जनचहान अनुसार काम गर्ने उम्मेदवारलाई छनौट गर्नु पर्दछ । आफ्नो विचार मिल्ने भ्रष्टाचार नगरेको, कार्यक्षमतामा अव्वल हुने उम्मेदवारलाई आम मतदाताले मतदान गरी विजय गराएमा मात्र स्थानीय तहमा विकास र समृद्धिको लहर आउने छ । त्यसैले स्थनीय तहका उम्मेदवार मध्येवाट अनेकौ समस्याहरु समाधान गर्ने र विकासको गर्न सकिने प्रतिनिधीहरु छनौट भएमा लोकतन्त्र बलियो हुने, समाजमा सुशासन हुन, स्वास्थ्य क्षेत्रमा विकास हुने, शैक्षिक क्षेत्रमा विकास भएमा आमनागरिक आफै बलियो भई स्थानीय तह समृद्ध हुने छ । त्यसैले गोप्य मतदानको सही सदुपयोग गरौ आफ्नो स्थानीयतहलाई विकास गर्ने उम्मेदवारलाई जिताऔं ।*

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिर ो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नु,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नेछ।

# सूचनाको हक : नागरिक निगरानी र हस्तक्षेप

**रत्नप्रसाद मैनाली**

सामान्यत: राज्यको प्रवृत्ति नागरिकलाई प्रश्न सोध्न बन्देज लगाउने हुन्छ। त्यसका लागि अनेकौं कानुन/नियम बनाएर नागरिकलाई बाँधेको हुन्छ। परम्परागत रूपमा नागरिकलाई 'दास' या 'रैती'भन्दा माथि उठ्न नदिने राज्यको चरित्र रहँदै आएको छ। विश्वमा विभिन्न कालखण्डमा यिनै 'दास' वा 'रैती' ले नागरिक बन्नका लागि विभिन्न प्रकारका आन्दोलन गर्दै आए। उथलपुथल कारी आन्दोलनकै बलमा आजसम्म आइपुग्दा विश्वका 'दास' वा 'रैती' ले नागरिकको दर्जा पाएका छन्। नागरिक बन्ने क्रममा अधिकारको दायरा पनि फराकिलो बन्दै गएका ऐतिहासिक तथ्य छन्। सूचनाको अधिकार त्यही क्रममा नागरिकले प्राप्त गरेको उत्कृष्ट अधिकार हो।

नेपालको सन्दर्भमा २०४७ को संविधानमा पहिलो पटक सूचनाको अधिकारले प्रवेश पाएको देखिन्छ। राणा तथा पञ्चायतकालमा 'रैती' को हैसियतमा रहेका नेपालीले बलिदानीपूर्ण सङ्घर्षको बलमा प्राप्त गरेको राजनीतिक उपलब्धिपछि मात्र वास्तविक रूपमा नागरिकको दर्जा पाएको र सीमित भए पनि नागरिक अधिकार संविधानमा उल्लेख भएकोमा कुनै द्विविधा रहेन। २०६२/६३ मा सशस्त्र र सशक्त जनआन्दोलनले २०४७ को संविधानमा व्यवस्था गरिएको सूचना माग गर्ने नागरिकको अधिकारलाई अझ बृहत् र व्यवस्थित बनाउन सफल भयो। अन्यत्र जस्तै नेपालमा पनि सूचनाको हकको संवैधानिक तथा कानुनी व्यवस्था नागरिकलाई बलियो बनाउन र राज्य तथा सार्वजनिक निकायलाई खबरदारी गर्न सक्ने नागरिक बनाउन गरिएको हो।

नेपालको संविधानको धारा २७ मा, 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ' भनेर सूचनाको हकलाई संवैधानिक रूपमै व्यवस्था गरिएको छ। संवैधानिक रूपमा नागरिकलाई प्रदान गरिएको सूचनाको अधिकारको व्यावहारिक प्रयोगका लागि सूचनाको हकसम्बन्धी ऐन तथा स्वतन्त्र आयोगको रूपमा राष्ट्रिय सूचना आयोगको गठन भएको पनि १४ वर्ष पूरा भएको छ। आयोगको गठनपछि सार्वजनिक निकायबाट माग गरेको सूचना नपाएको भन्दै आयोगमा ८ हजार जति पुनरावेदन परेका छन्।

सार्वजनिक निकायबाट सम्पादन हुने कार्यमा नागरिक निगरानी हुनसके अनियमितता हट्ने, सुशासन कायम हुने र राज्य तथा सार्वजनिक निकायप्रति नागरिक दायित्व र अपनत्व कायम हुने मान्यताका साथ नेपालमा सूचनाको हकको संवैधानिक र कानुनी व्यवस्था भएको हो। सार्वजनिक मात्र नभई आफ्नो सरोकारको विषयमा पनि सूचना माग गर्ने र प्राप्त गर्न नागरिकलाई प्रदान गरिएको यति महत्वपूर्ण अधिकारलाई आमनागरिकले पनि त्यही रूपमा बुझ्न, ग्रहण र प्रयोग गर्न सके संघीय गणतन्त्र नेपालको संविधानले परिकल्पना गरेको समृद्ध र समाजवादोन्मुख नेपाल निर्माणमा मद्दत पुग्ने विश्वासका साथ सूचनाको हकसम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था गरिएको हो। सूचनाको हकको कार्यान्वयन जति हुनुपर्ने थियो त्यति प्रभावकारी हुन नसकेको हो कि भन्ने प्रश्न पनि उठेका छन्। सूचनाको हकको कार्यान्वयन अपेक्षित सफल नहुनुमा रहेका केही कारणबारे यहाँ चर्चा गर्ने कोसिस गरिएको छ।

**कर्मचारीतन्त्रको अनिच्छा**

नेपालमा सूचनाको हकलाई संविधानत: मौलिक हकका रूपमा स्वीकार गरिएको छ। संविधानमा मौलिक हकका रूपमा स्वीकार गरिए पनि यसको प्रयोग र प्रचलनमा केही जटिलता रहेका छन्। मुलुक संघीय गणतन्त्रको व्यावहारिक कार्यान्वयनको चरणमा गए पनि राज्यका उपल्लो निकायमा रहेकाहरू सूचना माग गर्ने र प्राप्त गर्ने नागरिक अधिकारप्रति उदासीन मात्र होइन, यसप्रति सशङ्कित बनेका छन्। नागरिकलाई रैतीभन्दा माथि उठेको देख्न नचाहने यो 'वर्ग'का लागि सूचनाको हक यतिबेला सबैभन्दा टाउको दुखाइको विषय बनेको छ। 'जे मन लाग्यो त्यही माग्ने ?', 'सूचना माग गरेर हैरान पार्ने ?', 'सूचना दिएर बस्ने कि काम गर्ने ?' 'बेकारमा अनावश्यक दु:ख दिने ?' जस्ता अनेकौं बहाना बनाएर नागरिक अधिकारलाई कुण्ठित गर्ने यस्तो प्रवृत्ति सुशासन विरोधी मात्र होइन, विकास र नागरिक अधिकारविरोधी पनि हो।

सत्ताबाहिर रहँदा नागरिक सर्वोच्चताको बखान गरेर नथाक्ने तर सत्ताको बागडोर सम्हाल्न पुगेपछि शासकमा रूपान्तरित र नागरिक अधिकार कटौती गर्न उद्यत हुने परम्परागत रोगबाट हाम्रो राजनीतिक नेतृत्व मुक्त नभएसम्म सूचनाको हकको कार्यान्वयन र यसको उपलब्धि अपेक्षित हुन नसक्ने स्पष्ट छ

नागरिकलाई कहिल्यै पनि प्रश्न सोध्न सक्ने बन्न नदिने यस्तो प्रवृत्ति राज्यको आधुनिकीकरणका लागि यतिबेला सबैभन्दा घातक बनेर देखापरेको छ। यस्तो प्रवृत्तिका विरुद्ध सचेत र बलियो नागरिक अभियान हामीकहाँ खट्किएको विषय बनेको छ। परम्परागत ढर्रामा चल्न खोज्ने कर्मचारी तन्त्रको लोकतान्त्रिकीकरण हुन नसक्दा संविधानमा लेखिए पनि नागरिक अधिकारका यस्ता संवेदनशील विषयले कार्यान्वयन मा आशातित सफलता प्राप्त गर्न नसक्ने विषय अब छर्लङ्ग हुँदै गएको छ। संवैधानिक रूपमा व्यवस्था गरिए पनि नागरिक अधिकारको कार्यान्वयनका लागि कर्मचारीतन्त्रको लोकतान्त्रिकी करण अनिवार्य शर्त हो।

**राजनीतिक प्रतिबद्धताको अभाव**

सुशासन र पादर्शिता संविधानमा लेखेर अथवा मुखले फलाकेर मात्र सम्भव छैन। यसका लागि नैतिक साहस र नागरिक अधिकारप्रतिको वास्तविक प्रतिबद्धता आवश्यक पर्छ। खासगरी राजनीतिक नेतृत्व नागरिक अधिकारप्रति प्रतिबद्ध हुने हो भने मात्र यस्ता अधिकार कार्यान्वयनमा 'कर्मचारीतन्त्र' बाध्य हुनसक्ने देखिएको छ। राजनीतिक नेतृत्वले सूचनाको हकलाई इमानदारीपूर्वक आत्मसात् नगर्दासम्म प्रशासनिक नेतृत्वबाट यति महत्वपूर्ण नागरिक अधिकारको कार्यान्वयन हुनै सक्दैन। हाम्रा राजनीतिक दल र नेतृत्वले संविधानमा लेखेर अथवा भाषण गरेर मात्र अब पुग्दैन। संविधानत: नागरिकको मौलिक अधिकार भनेर स्वीकार गरिएको सूचनाको हकको उनीहरूले व्यावहारिक कार्यान्वयन गरेरै देखाउनुपर्ने भएको छ।

२०६४ सालमा अन्तरिम संविधानमै स्वीकार गरिएको सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको अधिकार कार्यान्वयन मा नेपालका कुनै पनि राजनीतिक दलले प्रतिबद्धता देखाउन सकेका छैनन्। सूचनाको हकसम्बन्धी ऐनको दफा २ को उपदफा -५) मा 'प्रचलित कानुनबमोजिम दर्ता भएका राजनीतिक दल तथा संगठन' लाई सार्वजनिक निकायका रूपमा स्पष्ट परिभाषित गरिएको छ। विडम्बना नै भनौं, अपवादबाहेकका राजनीतिक दलले आजका मितिसम्म आफ्नो कार्यालयमा सूचना अधिकारी नतोकेर तथा तोकेकाले पनि प्रत्येक तीन महिनामा गर्नुपर्ने स्वत: प्रकाशन नगरेर सूचनाको हकको आधारभूत कानुनी मान्यताको धज्जी उडाएका छन्।

आफैंले निर्माण गरेको संविधान र कानुनी व्यवस्था पालनाको प्रतिबद्धता राजनीतिक दलहरूबाट नहुँदासम्म जतिसुकै राम्रो कानुन बनाए पनि त्यसको कार्यान्वयन असम्भव हुन्छ भन्ने सूचनाको हकप्रति राजनीतिक नेतृत्वबाट देखाइने रवैयाले पुष्टि गरेको छ। नागरिकलाई अधिकारसम्पन्न बनाउन अनेकौं कष्टपूर्ण विद्रोह र आन्दोलन गरेका राजनीतिक दल र नेतृत्वलाई अर्ति वा उपदेश दिन खोजिएको होइन, सुशासनका लागि उहाँहरूबाट नागरिकले प्रतिबद्धता को आवश्यकता महसुस गरेको विषयलाई मात्र उल्लेख गरिएको हो।

**सशक्त नागरिक आन्दोलन /अभियानको अभाव**

राजनीतिक होस् वा सामाजिक अथवा कुनै पनि प्रकारको परिवर्तनका लागि कुनै न कुनै प्रकारको आन्दोलन आवश्यक पर्छ। राजनीतिक परिवर्तनका लागि हामीकहाँ पनि ठूला-ठूला आन्दोलन भएको इतिहास पढ्न र देख्न सकिन्छ। २००७ सालको क्रान्ति होस् या २०४६/४७ को आन्दोलन अथवा १० वर्षसम्म चलेको सशस्त्र द्वन्द्व होस् वा १९ दिने जनआन्दोलन। यी सबै क्रान्ति या आन्दोलनले नागरिकलाई राजनीतिक परिवर्तनप्रति प्रेरित गरेको देखिन्छ। विभिन्न समयमा किसान, मजदुर महिला लगायतका वर्गले गरेको आन्दोलनले नेपालमा ती वर्गको अधिकार स्थापित गर्न केही जागरुकता ल्याएको देखिन्छ। तर, फाट्टफुट्ट बाहेक नेपालमा सुशासनका क्षेत्रमा उल्लेखनीय सुधार ल्याउने गरी अहिलेसम्म प्रभावकारी आन्दोलन भएको इतिहासमा भेटिंदैन।

हाम्रै छिमेकी देश भारतमा अन्ना हजारेले सुरु गरेको आन्दोलनले नागरिक तहमा झकझक्याउने अहं भूमिका खेलेको मानिन्छ। भारतमा सूचनाको हकलाई बलियो रूपमा स्थापित गर्ने श्रेय पनि उनैलाई जान्छ।

हामीकहाँ राजनीतिक परिवर्तनसँग जोडिएर नागरिक अधिकार स्थापित भए तर त्यसको कार्यान्वयनमा खबरदारी गर्ने जुझारु आन्दोलन वा अभियान बलशाली बन्न सकेको देखिंदैन। त्यसले गर्दा संविधानमा लेखिएका नागरिक अधिकारको कार्यान्वयन मा हाम्रा राजनीतिक/प्रशासनिक (शासक/प्रशासक) नेतृत्वले रुचि देखाएका छैनन्।

यदि सुशासन र पारदर्शिताका लागि खबरदारी गर्न सक्ने नागरिक आन्दोलन सशक्त हुनेथियो भने सूचनाको अधिकारको कार्यान्वयनमा नागरिक जागरुकता बढेको हुनेथियो। राज्य र सार्वजनिक निकायलाई सशक्त खबरदारी गर्ने शक्ति असाध्यै बलियो हुनेथियो।

जनसङ्ख्याको हिसाबले पनि विशाल हुनुको नाताले भारतमा सूचना मागकर्ताको सङ्ख्या उल्लेख्य हुनु स्वाभाविक हो। यति मात्र होइन ! भारतमा सूचना माग गर्ने अभियानकै रूपमा चलेको छ। भारतमा पछिल्लो समय शक्तिशाली दलका रूपमा उदाएको एउटा राजनीतिक पार्टीको पृष्ठभूमि नै सूचना माग

वांकी ५ पेजमा...

# चनुनाव अघिनै विजय घोषणा

लेटाङ । मोरङको लेटाङ नगर पालिका वडा नम्बर ७ वाराङगीमा नेकपा एमालेले चुनाव अघि नै जीतको घोषणा गरेको छ । नेकपा एमाले लेटाङको निर्वाचन लक्षित घरदैलो अभियानका क्रममा साविक वाराङ्गी गाविस हाल लेटाङ नगरपालिका वडा नम्बर ७ मा भएको कार्यक्रममा नेकपा एमालेका उम्मेदवारहरू विजय भइसकेको घोषणा गरिएको हो । कार्यक्रममा सहभागी भएका स्थानीयबासीले वडा नम्बर ७ को जनलहर हेर्दा नेकपा एमाले विजयी भइसकेको घोषणा गर्नुपर्ने माग गरेपछि यस्तो घोषणा गरिएको हो । घरदैलो पछि भएको कोणसभामा बोल्दै मोरङ क्षेत्र नम्बर १ का सांसद् तथा नेकपा एमाले प्रदेश कमिटी सचिवालय सदस्य घनश्याम खतिवडाले लेटाङ ७ मा नेकपा एमाले विजय भइसकेको घोषणा गर्नुभयो ।

उहाँले घरदैलोका क्रममा देखिएको जनलहर, विभिन्न पार्टी परित्याग गरी एमालेमा प्रवेशको लहर र नेकपा एमालेले संघ र प्रदेश सरकारमार्फत यस क्षेत्रमा गरेको विकास लगायताका कारण सिंगै वाराङगी नै एमालेको पक्षमा देखिए पछि चुनाव अघि नै विजयी भएको घोषणा गर्नु परेको बताउनुभयो । कोणसभालाई सम्बोधन गर्दै उहाँले अब लेटाङ ७ मा एमालेको जितलाई कानूनी मान्यता दिन मात्र बाँकी रहेको उल्लेख गर्नुभयो ।

उहाँले सिंगो लेटाङ नगर पालिकामै प्रमुख, उपप्रमुख लगायत सबै वडामा नेकपा एमाले जितको नजिक रहेको बताउनुभयो । उहाँले अब लेटाङमा २०५४ साल फर्किसके को बताउनुभयो । कार्यक्रममा नगर प्रमुख पदका उम्मेदवार भूपेन्द्रकुमार लावती, उपप्रमुख पदका उम्मेदवार कृष्णकुमारी निरौला पोखरेल, वडाध्यक्ष पदका उम्मेदवार खगेन्द्र लिम्बू लगायतका उम्मेदवार तथा सयौंको संख्यामा स्थानीयबासीको उपस्थिति रहेको थियो । सो अवसरमा लिम्बू, मगर, तामाङ लगायत जातिका साँस्कृतिक झाँकी समेत प्रस्तुत गरिएको थियो ।

यसपटकको निर्वाचनमा लेटाङ ७ मा दुईतिहाइ भन्दा बढी मत ल्याएर नेकपा एमालेले निर्वाचन जित्ने वडाध्यक्ष पदका उम्मेदवार खगेन्द्र लिम्बूले बताउनुभयो । घरदैलो अभियानपछि वाराङगी बजारमा भएको कोणसभामा करिव एक हजारजनाको सहभागिता रहेको बताइएको छ ।

केही समय अघिसम्म लेटाङ नगरपालिकाकै सबैभन्दा बढी नेकपा माओवादी केन्द्रको उपस्थिति रहेको यसा वडामा सम्पूर्ण टीम नै नेकपा एमालेमा प्रवेश गरेको थियो भने नेपाली कांग्रेसबाट विजयी वडासदस्य पनि एमालेमा प्रवेश गरेका थिए ।

लेटाङ । मोरङको लेटाङ नगरपालिका वडा नम्बर ७ वाराङगीमा नेकपा एमालेले चुनाव अघि नै जीतको घोषणा गरेको छ । नेकपा एमाले लेटाङको निर्वाचन लक्षित घरदैलो अभियानका क्रममा साविक वाराङ्गी गाविस हाल लेटाङ नगरपालिका वडा नम्बर ७ मा भएको कार्यक्रममा नेकपा एमालेका उम्मेदवारहरू विजय भइसकेको घोषणा गरिएको हो । कार्यक्रममा सहभागी भएका स्थानीयबासीले वडा नम्बर ७ को जनलहर हेर्दा नेकपा एमाले विजयी भइसकेको घोषणा गर्नुपर्ने माग गरेपछि यस्तो घोषणा गरिएको हो । घरदैलो पछि भएको कोणसभामा बोल्दै मोरङ क्षेत्र नम्बर १ का सांसद् तथा नेकपा एमाले प्रदेश कमिटी सचिवालय सदस्य घनश्याम खतिवडाले लेटाङ ७ मा नेकपा एमाले विजय भइसकेको घोषणा गर्नुभयो ।

उहाँले घरदैलोका क्रममा देखिएको जनलहर, विभिन्न पार्टी परित्याग गरी एमालेमा प्रवेशको लहर र नेकपा एमालेले संघ र प्रदेश सरकारमार्फत यस क्षेत्रमा गरेको विकास लगायताका कारण सिंगै वाराङगी नै एमालेको पक्षमा देखिए पछि चुनाव अघि नै विजयी भएको घोषणा गर्नु परेको बताउनुभयो । कोणसभालाई सम्बोधन गर्दै उहाँले अब लेटाङ ७ मा एमालेको जितलाई कानूनी मान्यता दिन मात्र बाँकी रहेको उल्लेख गर्नुभयो ।

उहाँले सिंगो लेटाङ नगरपालिकामै प्रमुख, उपप्रमुख लगायत सबै वडामा नेकपा एमाले जितको नजिक रहेको बताउनुभयो । उहाँले अब लेटाङमा २०५४ साल फर्किसकेको बताउनुभयो । कार्यक्रममा नगर प्रमुख पदका उम्मेदवार भूपेन्द्रकुमार लावती, उपप्रमुख पदका उम्मेदवार कृष्णकुमारी निरौला पोखरेल, वडाध्यक्ष पदका उम्मेदवार खगेन्द्र लिम्बू लगायतका उम्मेदवार तथा सयौंको संख्यामा स्थानीय बासीको उपस्थिति रहेको थियो । सो अवसरमा लिम्बू, मगर, तामाङ लगायत जातिका साँस्कृतिक झाँकी समेत प्रस्तुत गरिएको थियो ।

यसपटकको निर्वाचनमा लेटाङ ७ मा दुईतिहाइ भन्दा बढी मत ल्याएर नेकपा एमालेले निर्वाचन जित्ने वडाध्यक्ष पदका उम्मेदवार खगेन्द्र लिम्बूले बताउनुभयो । घरदैलो अभियानपछि वाराङगी बजारमा भएको कोणसभामा करिव एक हजारजनाको सहभागिता रहेको बताइएको छ ।

केही समय अघिसम्म लेटाङ नगरपालिकाकै सबैभन्दा बढी नेकपा माओवादी केन्द्रको उपस्थिति रहेको यसा वडामा सम्पूर्ण टीम नै नेकपा एमालेमा प्रवेश गरेको थियो भने नेपाली कांग्रेसबाट विजयी वडासदस्य पनि एमालेमा प्रवेश गरेका थिए ।

# नेकपा एमालेको जिल्ला व्यापी चुनावी अभियान



मोरङ, । स्थानीय तह निर्वाचन नजिकिदै गर्दा नेकपा एमालेका उमेदवारहरुले चुनावी अभियान लाई सशक्त बनाएका छन् । मोरङका १७ वटै पालिकाका स्थानीय सञ्चारकर्मीहरुले दिएको जानकारी अनुसार निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्दै चुनावी अभियानलाई तिव्रता दिएका हुन् ।

केराबारीबाट त्रिलोचन पौडेका अनुसार पालिकाका अधिकाँश वडाहरुमा उमेदवारहरुले घरदैलो सम्पन्न गरिसकेका छन् । जनताको उत्साहजनक सहभागिता रहेका घरदैलो तथा कोणसभा कार्यक्रमहरुमा उमेदवार र पार्टी नेताहरुले निर्वाचनवाट विजयी भएर पालिकाको नेतृत्व लिएपछि जनताका अपेक्षाको सही सम्वोधन हुने जनाएका छन् ।

त्यसैगरी मिक्लाजुङ्बाट सन्तोष गौतमले पनि पालिका विभिन्न ठाउँहरुमा भव्य र सव्यरुपमा चुनावी प्रचारको काम जारी रहेको बताए ।

उर्वावारीबाट सुमनका अनुसार एमालेका मेयर उपमेयर सहित विभिन्न वडाका उमेदवार हरु आफ्ना प्रतिवद्धताहरु लिएर जनताका घरदैलोमा पुग्नेक्रम चलिरहेको छ । सबैजो ठाउँहरुमा यसपटक एमालेलाई नगरपालिका को नेतृत्वमा पुऱ्याउनुपर्ने धारणा राख्दै जनताका समस्याहरुका समुचित सम्वोधनका लागि उमेद्वाहरुलाई सुझाएका छन् ।

नेकपा एमालेका उमेदवारहरु पथरी शनिश्चरेका विभिन्न वडाहरुमा चुनावी अभियान दिनरात जुटिरहेको प्रतिक्रिया स्थानीय पत्रकार सन्तोष राईले जनाएका छन् ।

कानेपोखरीबाट दिनेश सुव्वा ले बताए अनुसार यसपटकको निर्वाचनमा एमालेप्रतिको जनधारणा एकदमै सकारात्मक रहेको छ । कानेपोखरीका मेयर उपमेयर सहित सबै वडाका उमेदवार चुनावी प्रचार अभियानमै केन्द्रित रहेका छन् । २४ गतेसम्ममा घरदैलो कार्यक्रम पूर्णरुपमा सम्पन्न हुने उनको अनुमान ।

बेलबारीका पत्रकार खनिन्द्र कुमार राईका अनुसार बेलबारीमा सबैजसो राजनीतिक दलहरुले आफ्नो चुनावी प्रचार अभियान जारी राखेका छन् । आफ्नो चुनावी प्रचार अभियानकै सन्दर्भमा नेकपा एमालेले आज आफ्नो चुनावी प्रतिवद्धता सार्वजनिक गरेको छ ।

सुन्दर हरैंचामा पनि पार्टीहरुले चुनावी प्रचार अभियानलाई तिव्रता दिएका छन् । पत्रकार किशोर वुढाथोकीका अनुसार नेकपा एमालले भने आफ्ना मेयर उपमेर लगायत सबै वडाका अध्यक्षहरुलाई समेटेर चुनावी प्रचार अभियान सञ्चालन गरेको छ । जनतासामू जाँदा एमालेले जनताका अपेक्षाहरुलाई आफ्ना प्रतिवद्धतासँग जोडेको छ ।

वुढीगंगाबाट पत्रकार सञ्जय चौधरीका अनुसार नेकपा एमालेले त्यहाँ पनि चुनावी प्रचार अभियानलाई तिब्रता दिएको छ । अधिकाँश ठाउँहरुमा मर्यादित रुपमा घरदैलो कार्यक्रम सम्पन्न भइरहेका छन् । एमालेप्रतिको जनअपेक्षाका विषयमा जानकारी गराउन स्थानीय पार्टी कमिटीले पत्रकार सम्मेलन गराउने तयारी भइरहेको पनि उनले बताए ।

विराटनगरका मेयर तथा उपमेयरका साथमा निरन्तर चुनावी अभियानमा रहेका पत्रकार सशाङ्क कोइरालाले १९ वडामध्ये अधिकाँशमा एमालेका नेताहरुसहित उमेदवारहरुले घरदैलो अभियान सम्पन्न गरेका छन् । यसक्रममा जनताको एमालेप्रति उत्साहपूर्ण सद्भाव रहेको उनले बताए ।

पत्रकार रोमा दाहालका अनुसार कटहरीमा पनि एमालेले चुनावी प्रचार अभियानका रुपमा घरदैलो कार्यक्रम सञ्चालन गरिरहेको छ ।

धनपालथानका विभिन्न वडाहरुमा अरु पार्टीहरु जस्तै एमालेले पनि आफ्नो चुनावी अभियानलाई तिव्रता दिएको पत्रकार कमल रिमालले बताए ।

पत्रकार विद्यानन्द चौधरीका अनुसार रंगेली नगरपालिकामा एमाले चुनाव प्रचार अभियान अन्यपार्टीको भन्दा प्रभावकारी ढङ्गले सञ्चालन भइरहेको छ ।

अन्य पार्टीहरुले चुनावी प्रचार अभियानका क्रममा आचार संहित उल्लङ्घन गरेका छिटपुट घटना उल्लेख गर्दै रतुवामाईबाट पत्रकार किशोर विश्वकर्माले नेकपा एमालेले भव्य र सभ्य रुपमा प्रचारलाई व्यवस्थित गरेको जानकारी दिए ।

त्यसैगरी पत्रकार विश्वकर्मा कै अनुसार नेकपा एमालेले सुनवर्षी नगरपालिका र जहदा गाउँपालिकामा पनि चुनावी प्रचार अभियानलाई व्यवस्थित रुपमा सञ्चालन गरेको छ ।

# नेकपा एमाले विराटनगरमा चुनाव जित्ने आधारहरू

विराटनगर । यसपटकको स्थानीय तह निर्वाचनमार्फत नेकपा एमालेले विराटनगर महानगर पालिकाको नेतृत्व लिने एमाले पार्टीको दावी रहेको छ । पार्टीका केन्द्रीय सदस्य तथा मोरङ जिल्ला इन्चार्ज समेत रहनुभएका संयोजक ढकालका अनुसार विराटनगरका १९ वटै वडामा नेकपा एमालेका पक्षमा चुनावी माहोल तयार भएको छ ।

घरदैलो कार्यक्रम मार्फत चुनावी प्रचार अभियानका क्रममा महानगरवासीले दर्शाएको सद्भाव, उत्साहपूर्ण सहभागिता र अपेक्षाले एमालेप्रतिको वढ्दो आकर्षण निर्वाचन जित्ने आधार भएको संयोजक ढकालको भनाई छ ।

राष्ट्रिय राजनीतिमा नेकपा एमालेले खेलेको भूमिका र गरेका प्रभावकारी कामहरूको प्रभावले एमालेप्रति देशव्यापी आकर्षण बृद्धि भएसँगै एमालेले विराटनगरमा निर्वाचन जित्ने आधार निर्माण भएको दावी गरिएको छ ।

विगत पाँचवर्षमा प्रतिपक्षको रुपमा एमालेले निर्वाह गरेको भूमिका र नगरको समग्र विकासका सन्दर्भमा अघि सारेका नीति कार्यक्रम र कार्ययोजना हरूले पनि एमालेले विराटनगर मा निर्वाचन जित्ने सहज वातावरण बनेको संयोजक ढकालको दावी छ ।

'समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय मान्यतालाई आत्मसात गर्दै 'सुशासन-विकास र गुणस्तीय भौतिक पूर्वाधार, सुविधा सम्पन्न र न्यासहितको समृद्ध महानगर' भन्ने मूल नाराका साथ एमालेले विराटनगर बनाउने खाका सहितको प्रतिवद्धता सार्वजनिक गरेको छ । त्यसप्रति जनताले समर्थन र विश्वास गरेको हुँदा जनताका विश्वासलाई साकार बनाउन एमाले प्रतिवद्ध रहनु चुनाव जित्ने अर्को आधार भएको उहाँको बुझाई छ ।

एमाले विराटनगरले उठाएका उमेदवारहरू राजनीतिक एवं सामाजिक सेवाका क्षेत्रमा लामो समय क्रियाशील, योग्य शिक्षित, निष्ठा र इमानको राजनीतिप्रति प्रतिवद्ध युवा हुनु पनि एमालेले विराटनगरमा चुनाव जित्ने आधार मानेको छ

एमालेले आफ्ना जनप्रतिनिधिहरू 'शासक होइन, जनताका सेवक, सामाजिक जागरण र विकासका अभियान्ता साथै सदाचारी' हुनेछन् भनी प्रशिक्षित र सचेत गराएको छ । चुनाव जितेपछि एमालेको नेतृत्वमा रहने पालिकाहरू नमूना बन्ने एमालेको दावी छ । एमालेका जनप्रतिनधिहरूले कुनै भ्रष्टाचार गर्ने छैनन् र भ्रष्टाचार नियन्त्रणका अभियान्ता बन्नेछन् भन्ने निर्देश गरेकोले पनि एमाले उमेदवार हरूलाई चुनाव जित्ने अर्को आधार बनेको छ ।

अन्य आधारहरू

महानगरको न्यूनतम मापदण्ड सम्म स्थापित हुन नसकी देशकै दोस्रो स्थानको पहिचान गुमाएर पाँचौं-छैठौं स्थानमा पुगेकों विराटनरको विरासतलाई पुनर्स्थापित गर्ने प्रतिवद्धताका साथ एमालेले नयाँ कार्ययोजना ल्याउनु एमालेले विराटनगरमा चुनाव जित्ने आधार स्थापित भएको मानिएको छ ।

नेकपा एमालेले विराटनगरको वस्तुस्थितिलाई विश्लेषण तथा समस्या पहिचान गरी समुन्नत विराटनगर बनाउने प्रष्ट खाका सार्वजनिक गरेको हुँदा त्यसमा जनताले विश्वास गरी एमालेलाई विजयी गराउने पार्टीको अर्को अपेक्षा छ ।

एमालेले आफ्नो चुनावी घोषणमा एकीकृत कार्यमूलक योजना तर्जुमा गरी नगरको सम्पूर्ण भौलिक क्षेत्रलाई आर्थिक, व्यापारिक, आवास सेवा, कृषि तथा हरित क्षेत्र निर्धारण गरी विगतको आफ्नो कार्यकालमा गरेको कामलाई पुनर्स्थापित गर्ने

वांकी ३ पेजमा...

# दक्षिणी पालिकाकाहरुमा बाजागाजा सहित काँग्रेसको चुनावी अभियान

विराटनगर । स्थानीय तहको निर्वाचनको मिति नजिकिएसंगै नेपाली कांग्रेसले मोरङ जिल्लाभर प्रचार प्रसार अभियानलाई तिव्रता दिएको छ ।

जिल्लाका एक महानगर पालिकासहित १७ वटै पालिकामा नेपाली कांग्रेसका उमेदवारहरुले घरदैलो तथा कोणसभा गरेर प्रचार प्रसार अभियानलाई अघि बढाएको हो ।

मोरङको सिमावर्ती पालिका हरुमा अधिकांश मधेशी आदि वासी समुदायको बसोवास रहि आएको छ । कटहरी, जहदा गाउँपालिका तथा सुनवर्षी, रंगेली र रतुवामाई नगरपालिकामा पहाडी, मधेशी, आदिवासी जनजातिलगायत समुदायको मिश्रित बसोबास छ ।

निर्वाचनमा आफनो पंक्षमा ल्याउन नेपाली कांग्रेसका उमेदवारहरुले विभिन्न ऐजेन्डा लिएर घरदैलो गरि रहेका छन । नेपाली कांग्रेस नेकपा एमाले,नेकपा माओवादी, जनता समाजवादी पार्टी, एकीकृत समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्रपार्टीलगायत दल चुनावमा होमिएका छन् ।

नगरपालिका प्रमुख उप प्रमुख तथा गाउँपालिका अध्यक्ष उपाध्यक्षसाथै वडाध्यक्ष पदमा उमेदवारी दिएकोहरु अहिले घरदैलो कार्यक्रममा व्यस्त छन । आफनो उमेदावारलाई जिताउन बाजागाजासहित मतदाता समेत उत्साहका साथ निर्वाचनमा होमिएका छन । पाँच वर्षपछि हुन लागेको निर्वाचनमा आफनो पक्षमा जित लिन उमेदवारले ध्यान केन्द्रीत गरेका छन् । विकासका एजेन्डा लिएर मतदाताका घरघरमा पुगेका छन । नेपाली कांग्रेसका उमेदवारहरुले विकास निमार्णदेखि शिक्षा, स्वास्थ्य रोजगार जस्ता एजेन्डलाई अघि सारेको छ ।

रंगेली नगरपाकिलामा स्थानियतहकानिर्वाचनका लागी मेयरपद्धमा उमेदवारी दिएका मोदराज घिमिरेले निर्वाचनको मुख्य एजेन्डा शिक्षा, स्वास्थ्य, रोजगार, कृषि तथा खोलानालामा तटबन्ध रहेको बताए । उनले "रंगेलीपूर्वकै एतिहासिक सहर भएकाले यसको विकासका लागि संघीय सरकारबाट थप बजेट उपलब्ध गराउन पहल गर्नेछु ।" आफू निर्वाचित भए मोरङ जिल्लाका पुरानो सदरमुकाम रंगेलीलाई स्मार्ट र ग्रिनसिटीको रुपमा विकास गर्न पहल गर्ने घिमिरेले सुनाए । गरिब र दलित समुदायका लागि स्वरोजगार तथा आयमुलक कार्यक्रम संचालन गर्ने उनले बताए ।

पुर्वी मोरङमा रहेको बक्राहा खोलाले सुनवर्षी र रतुवामाई नगरपालिकाकाका स्थानीयलाई बर्सैनि पिरोल्ने गरको छ । बाढीका कारण तटीय क्षेत्रका बासिन्दाहरु को उठिवास हुने गरेको छ । शिक्षा,स्वास्थ्य, पूर्वाधार तथा विकास निमार्णसंगै सुनवर्षी नगरपालिकाको मेयर पदमा उमेदवार दिएका कांग्रेस उमेदवार यज्ञ कार्कीले बक्राहा खोलाको तटबन्धलाई पनि निर्वाचनको मुख्य एजेन्डा बनाएका छन् । उनले भने,"बक्राहा खोलामा स्थायी तटबन्धन निर्माणको लागि केन्द्र सरकारसंग पहल गर्नेछु ।" कार्कीले समवृद्ध सुनवर्षी नगर बनाउन पूर्वाधार बनिसकेको र अब थप काम गर्ने उनले बताए ।

त्यस्तै धनपालथान गाउँ पालिकामा पनि चुनावी सरगर्मी बढेको छ । नेपाल भारत सिमासंग जोडिएको सो पालिकामा यसअघिको निर्वाचनमा गाउँपालिका अध्यक्ष उपाध्यक्षमा पदमा नेपाली कांग्रेसका उमेदवारले विजय भएका थिए । बैसाख ३० गते हुन लागेको स्थानीय तहको निर्वाचनमा कुनैदलसंग गठबन्धन नगरी त्यो पालिकामा कांग्रेस एक्लै चुनावी मैदानमा उत्रिएको छ । अध्यक्ष पदमा कांग्रेसको तर्फवाट जिवक्ष गच्छदारले उमेदवारी दिएका छन् । उनले भने,"कृषिमा आधारित पालिका भएकाले कृषि यान्त्रीकरण र व्यवसायीकरणलाई महत्व दिनेछु ।" कृषिमा आमुल परिवर्तन आवश्यक रहेको भन्दै उनले शिक्षा, स्वास्थ्य पूर्वाधार र तटबन्धनको काम अघि बढाउने योजना सुनाए ।

इता, जहदा गाउपालिकामा नेपाली कांग्रेको तर्फबाट उमेदवारी दिएका जितेन्द्रप्रसाद साह जितुले गाउँपालिकाका गुणस्तरीय अस्पतालको निमार्ण व्यवहारिक शिक्षाको विकासमा काम गर्ने बताए । कृषिक्षेत्रको विकास गर्न सहुलियतमा मलखादको व्यवस्था गराउन आफूले पहल गर्ने सुनाए ।

जहदा गाउपालिकामा सन्थाल लगायत सबै समुदायको वसोवास रहेकाले उनीहरुको विकास र जीवनस्तर सुधार गर्न आय आर्यजनका कार्यक्रमसमेत अघि बढाउने बताए । नेपाली कांग्रेसले रंगेली नगरपालिकमा मेयर उपमेयर पदमा जसपासँग तालमेल गरेको छ ।

# कांग्रेस आफू धोका खान्छ अरुलाई दिदैंन




विराटनगर । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नेपाली कांग्रेस आफूले खाएपनि अरुलाई धोका नदिने गरेको बताएको छ ।

नेपाली कांग्रेस मोरङले आयोजना गरेको चुनावी सभामा बोल्दै देउवाले यस पटक कांग्रेसका युवा नेता नागेश कोइरालालाई विराटनगर महानगरपालिकाको मेयरको टिकट दिलाएर न्याय गरेको पनि बताए ।

"यसअघि पनि पनि नागेश मेयरको आकांक्षी थिए, त्यसपछि प्रदेश सांसदको पनि टिकट दिन सकिँन," देउवाले भने, "तर, यसपटक टिकट दिएर मैले नागेशमाथि न्याय गरेको छु । नागेश सहित गठबन्धनका उम्मेदवारले अत्यधिक मतले जित्नेछन् ।"देउवाले गठबन्धनमा इमान्दार भएर मतदान गर्न आग्रह गर्दै कांग्रेसले प्रतिबद्धता जनाएपछि कसैलाई पनि धोका नदिने गरेको जिकिर गरेका थिए ।

देउवाले नागेश र गठबन्धन बाट उपमेयरका उम्मेदवार अमरेन्द्र यादव दुवै जना युवा भएकाले विराटनगरवासीले चाहे अनुसार नै विकास हुने बताए । देउवाले भने, "दुवैजना युवा हुनुहुन्छ, दुवैजना पढेलेखे र विराटनगरका लागि केही गरौं भन्ने सोच छ उहाँहरूमा । त्यसो भएकाले उहाँहरूलाई भोट माग्न म तपाईंहरूको माझ आएको हुँ । नेकपा एमालेको दम्भ र घमण्डलाई परास्त गर्न कांग्रे सहितका गठबन्धनका उम्मेदवारले जित्नुपर्नेमा उनको जोड थियो ।

सभामा वरिष्ठ नेता रामचन्द्र पौडेलले लोकतन्त्र रक्षाका लागि गठबन्धनका उम्मेदवारलाई विजयी बनाउन आग्रह गरे । त्यस्तै नेता डा. शेखर कोइरालाले आगामी प्रदेश र संघको चुनावलाई ध्यानमा राखेर स्थानीय तहमा कांग्रेसलाई जिताउनुपर्नेमा जोड दिए । "स्थानीय तहमा कांग्रेसले जितेन भने आगामी प्रदेश र संघको चुनाव जित्न निकै गाह्रो हुन्छ," कोइरालाले भने, "त्यसो हुनाले विराटनगर मात्रै नभएर देशभर कांग्रेसलाई जिताउने अभियानमा लाग्न म सबैलाई आग्रह गर्दछु ।"

त्यस्तै सभामा कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा घोषणापत्रमा नेकपा एमालेले अग्ला भवन र भ्यूटावरलाई प्राथमिकतामा राखेको तर कांग्रेसले मान्छेलाई प्राथमिकता दिएको बताए । "एमाले र कांगेसको घोषणापत्र पढ्नुस्, समृद्धिको कुन बाटो रोज्ने तपाईं रोज्न सक्नुहुन्छ" उनले भने, "एमालेको घोषणापत्रमा एउटा पनि मान्छेको अनुहार राखिएको छैन, कांग्रेसको घोषणापत्रमा तपाईंले आफूलाई देख्नुहुन्छ, तपाईको आमा उभिएको देख्नुहुन्छ, भाइ, बहिनी वा बाबा उभिएको देख्नुहुन्छ ।"

एमालेको घोषणापत्रमा भने अग्ला अग्ला भवन र भ्यूटावर देखिएको तर मान्छेको अनुहार नदेखिएको महामन्त्री शर्माले भने । कांग्रेसले भने ह्वील चेयरमा बस्ने र सुकुम्बासीहरुलाई घोषणा पत्रमा प्राथमिकता दिएको उनले बताए । त्यस्तै नेता महेश आचार्य, डा. मीनेन्द्र रिजाल, केन्द्रीय सदस्य डा. डिला संग्रौला, अमृत अर्याल, भीम पराजुली, मोरङ कांग्रेसका सभापति डिकबहादुर लिम्बू, विराटनगरका मेयरका उम्मेदवार नागेश कोइराला, उपमेयरका उम्मेदवार अमरेन्द्र यादवलगायतले सम्बोधन गरेका थिए ।

# एमालेले गठवन्धनमा भ्रम छर्‍यो हाम्रो आपती छ : सिटौला

बिर्तामोड । चुनावी अभियानमा नेकपा एमालेले मतदातालाई भ्रम छरेको भन्दै गठबन्धनका तर्फबाट बिर्तामोड नगरपालिकाका प्रमुख पदका उम्मेदवार भोजराज सिटौलाले आपत्ति जनाएका छन् । नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रबिच भएको गठबन्धन देखेर आत्तिएको एमालेले चुनाव चिन्हको बिषयलाई लिएर मतदातालाई भ्रम छरेको भन्दै आपत्ति जनाएका हुन् ।

आसन्न निर्वाचनको पूर्वसन्ध्यामा शुक्रबार बिर्तामोडको वडा नम्बर ८ स्थित किसनभिट्टामा भएको चुनावीसभालाई सम्बोधन गर्दै सिटौलाले कांग्रेस कार्यकर्ताहरुलाई भ्रम छरेको बताए । मान्छेको हत्या गर्ने माओवादीलाई कसरी कांग्रेसले भोट हाल्न सक्छ भन्दै भ्रम सिर्जना गराउन खोजेको भन्दै आफूहरुको आपत्ति रहेको बताए । 'राम थापाको हत्या कसले गर्‍यो,' सिटौलाले प्रश्न गरे,'कम्युनिष्टले झापामा कतिको हत्या गर्‍यो, थाहा छैन र?' गठबन्धन आमूल परिवर्तन का लागि वर्तमान समयको आवश्यकता भएकाले चुनाव चिन्हको बिषय ठूलो नभएको भन्दै सिटौलाले गठबन्धनका सम्पूर्ण उम्मेदवारलाई जिताउन आग्रह गरे ।

वर्तमान बिर्तामोडको सरकारले वडा नम्बर ८ लाई विकासमा विभेद गरेको भन्दै उनले ८ नम्बर वडामा कालोपत्रे खै ? भन्दै प्रश्न गरे । पाँच बर्षमा गर्न नसकेको काम अब गर्छौं भन्दै एमालेले जनतालाई झुक्याइरहेको उनले बताए । गठबन्धनका उम्मेदवारहरु दृढ संकल्पका साथ काम गर्न आएको उनको भनाई थियो ।

कार्यक्रममा बोल्दै उपप्रमुख पदका उम्मेदवार सिपी कडरियाले आफूहरु जनप्रतिनिधी नहुँदैपनि वडा नम्बर ८ का लागि थुप्रै विकासका काम गरेको बताए । कडरियाकै पहलमा भिरचुली खोलामा पुल निर्माणाधिन रहेको, हात्ती नियन्त्रण गर्नुका साथै व्युटिफिकेसनका लागि देउनीया खोलाको डीपीआर तयार भइरहेको बताए । उनले हर्चना तीनमुखे पैनी तटबन्धनका लागि बजेट विनियोजन गराएको तर एमालेको नेताले काम गर्न अवरोध गरेको आरोप लगाए । गठबन्धनका उम्मेदवारहरुलाई जिताउन आग्रह गर्दै कडरियाले देउनीया मसानघाट व्यवस्थित गर्ने, कृषि उत्पादनका लागि पूर्वाधार तयार गर्ने लगायतका कामलाई आफूहरुले प्राथमिकताका साथ गर्ने प्रतिबद्धता जनाए ।

गठबन्धनको माहोल व्यापक बनेको देखेर विपक्षीहरु गालि गलौजमा उत्रिएको कडरियाले बताए । १२ बुँदे सम्झौताको स्मरण गराउँदै उनले जब माओवादी र कांग्रेस गठबन्धन हुन्छ तब मुलुकको राजनीतिले नयाँ मोड लिने बताए ।

वडा नम्बर ८ का वडाध्यक्ष पदका उम्मेदवार चिरञ्जिवी कार्कीले गाउँमा ठूलो सपना नबाँड्ने बताउँदै आफूहरुले जितेको खण्डमा वडाभित्रका चार वटा मुख्य बाटोलाई कालोपत्रे गर्ने, अर्ग्यानिक कृषि बजार बनाएर कृषिजन्य वस्तुको त्यहिँबाट बिक्री वितरण गर्ने व्यवस्था मिलाउने बताए । चुनावपछि कार्की फेरी अमेरिका जान्छ भनेर विपक्षीले हल्ला चलाएको भन्दै कार्कीले आफु कदापी पुनः अमेरिका नफर्किने भन्दै मतदातालाई लेखेर राख्न आग्रह गरे । आफ्नै गाउँमा समाजसेवा गर्न सबै ढंगलेले आफू तयार रहेको बताउँदै उनले गठबन्धन दलका उम्मेदवार हरुलाई जिताउन वडाबासीलाई आग्रह गरे ।

नगरप्रमुख पदका उम्मेदवार सिटौला, उपप्रमुख पदका उम्मेदवार कडरिया, नेपाली कांग्रेसका केन्द्रीय सदस्य सुशिला ढकाल, चुनाव प्रचार प्रसार संयोजक लक्ष्मी आचार्य, नेता सजेश शिवाकोटी लगायत दर्जनौंको संख्यामा रहेको प्रचारप्रसार टोलीले वडाको कटरबारी, किसन भिट्टा, देउनीया चोक र गरामनीमा कोणसभासहित घरदैलो गरेको थियो ।

बिर्तामोड-८ मा वडाध्यक्ष कार्की, महिला सदस्य सरस्वती खतिवडा, दलित महिला सदस्य लिला विश्वकर्मा, वडासदस्यहरु धर्मेन्द्र सिटौला र तेजप्रसाद विमली गठबन्धनको तर्फबाट उम्मेदवार छन् ।




तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरुको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७ ९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:00 बजेदेखि दिउँसो १२:00 बजेसम्म ।

## सूचनाको हक...

गरेर सुरु भएको यथार्थ सत्य हो। त्यहाँ अनियमितताप्रति खबरदारी गर्ने बलियो औजारका रूपमा सूचनाको हकलाई प्रयोग गर्न अभियन्ताहरू नागरिक तहसम्म पुगेका छन्। ढिलासुस्ती र अनियमितताको आशङ्का हुनेबित्तिकै नागरिकले त्यसबारे सूचना माग गर्ने गरेकै कारण पछिल्लो समय त्यहाँ विकासले पनि गति लिएको मानिन्छ। 'आरटीआई लगा दूँ ?' भनेपछि ढिलासुस्ती भइरहेका काम पनि तुरुन्त हुने गरेको यतिबेला भारतमा कहावत नै बनेको छ।

हामीकहाँ पनि पछिल्लो समय सूचनाको हकबारे नागरिकस्तरमा जागरुकता बढेको छ। यद्यपि, त्यसले अभियानकै रूप लिन सकेको छैन। सूचना माग गर्न पाइन्छ भन्नेबारे आमनागरिक जानकार नै नहुनु तथा सूचना माग गरेर के गर्नु ? यहाँ जे गरे पनि यस्तै हो भन्ने निराशावादी कोणबाट पनि नेपालमा सूचना माग गर्न रुचि नबढेको हो कि भन्ने प्रश्न पनि उठेका छन्। सूचनाको हकको प्रयोगले सुशासन कायम गर्न मद्दत पुग्छ भन्ने विषयलाई अभियानको रूपमा सञ्चालन गर्ने शक्तिको अनुपस्थितिले पनि नेपालमा सूचनाको हकको प्रयोग आम नबनेको हुनसक्छ।

निष्कर्ष

सूचनाको हक कार्यान्वयनमा आएको १४ वर्ष पूरा भइसक्दा पनि नेपालमा अहिलेसम्म सूचना माग गर्ने नागरिकको सङ्ख्या यकिन गर्न कठिन छ। सूचना नपाएपछि राष्ट्रिय सूचना आयोगमा परेको पुनरावेदनको सङ्ख्या ८ हजारको हाराहारीमा छ। संयुक्त राष्ट्रसंघको विकास लक्ष्य सूचकाङ्क १६.१०.२ सूचनामा पहुँच प्राथमिकताका साथ उल्लेख भएबाट सुशासन र पारदर्शिता कायम गर्न सूचनाको हकको महत्वको सान्दर्भिकता पुष्टि हुन्छ। नेपाल संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्र हुनुको नाताले सूचनाको हकप्रति यसको प्रतिबद्धता कानुनी रूपमा स्पष्ट रहेको छ। संयुक्त राष्ट्रसंघले निर्धारण गरेको दिगो विकास लक्ष्यको सूचक १६.१०.२ मा नेपालको अवस्था राम्रो हुनु सकारात्मक भए पनि व्यावहारिक कार्यान्वयनमा 'मौलिक' समस्या रहनु दुःखद् यथार्थ हो। यसलाई सुधार्न सके लक्ष्य सूचकमा समेत उल्लेख्य सुधार हुन सक्नेतर्फ नेपाल सरकारको ध्यानाकर्षण गराउनु अन्यथा हुने छैन।

मूलतः सत्ताबाहिर रहँदा नागरिक सर्वोच्चताको बखान गरेर नथाक्ने तर सत्ताको बागडोर सम्हाल्न पुगेपछि शासकमा रूपान्तरित र नागरिक अधिकार कटौती गर्न उद्यत हुने परम्परागत रोगबाट हाम्रो राजनीतिक नेतृत्व मुक्त नभएसम्म सूचनाको हकको कार्यान्वयन र यसको उपलब्धि अपेक्षित हुन नसक्ने स्पष्ट छ। सत्तामाथि नागरिक निगरानी र नियन्त्रणलाई राजनीतिक नेतृत्वले वास्तविक रूपमा स्वीकार्न नसक्दासम्म सूचनाको हकजस्तो उत्कृष्ट नागरिक अधिकारको जतिसुकै बखान गरे पनि त्यो निरर्थक हुन्छ।

जहाँसम्म राष्ट्रिय सूचना आयोगले गरेका कामको विषय छ- नागरिकको संवैधानिक र कानुनी हकको रक्षा गर्नु सूचना आयोगको प्राथमिक दायित्व हो। अपवादमा पनि असाध्यै कम केही घटना होलान्, नत्र राष्ट्रिय सूचना आयोगले गरेका आदेश र निर्णय शतप्रतिशत सुशासन, पारदर्शिता र नागरिककै पक्षमा रहँदै आएको छ। राष्ट्रिय सूचना आयोगको गठन नै नागरिकको अधिकार रक्षाका लागि भएकाले कानुनी रूपमा राष्ट्रिय सूचना आयोगलाई दिइएको जिम्मेवारीबाट आयोग पन्छिन मिल्दैन। हेक्का रहोस्, आयोगको भूमिका अधिकतर नागरिकभन्दा अरूको पक्षमा भएको छैन र हुन पनि सक्दैन। आयोगमा परेका पुनरावेदनमध्ये शतप्रतिशत पुनरावेदनको फर्स्योट हुनु र ती पुनरावेदनउपर आयोगबाट भएका आदेश पनि नागरिककै पक्षमा हुनुले नागरिक अधिकारप्रति आयोगको प्रतिबद्धतालाई पुष्टि गर्छ।

नागरिकले माग गरेको सूचना उपलब्ध नगराउने ३१ वटा सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीमाथि कारबाहीका लागि आयोगबाट आदेश हुनुले नागरिक अधिकारको पक्षमा लाग्न आयोगले कुनै कसर बाँकी राख्दैन भन्ने मात्र पुष्टि हुँदैन विभिन्न ढङ्गबाट आउने दबावभन्दा नागरिक अधिकारको रक्षा नै आयोगका लागि मुख्य विषयवस्तु हो भन्ने प्रमाणित हुन्छ। नागरिक अधिकारका लागि स्थापना भएको आयोगको १५औं वर्ष प्रवेशको अवसरमा सुशासन र पारदर्शिताप्रति आयोगको प्रतिबद्धता प्रकट गर्नु अन्यथा हुने छैन।

(मैनाली राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त हुन्।)

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

# कानेपोखरी गाउँपालिकाको मुख्य प्रतिस्पर्धी

विराटनगर। मोरङको कानेपोखरी गाउँपालिकामा चुनावी सरगर्मी बढेको छ। निर्वाचन प्रचारको समय ४ दिनमात्रै बाँकी छुँदा दलहरुले चुनावी अभियान तीब्र पारेका हुन्।

कानेपोखरीमा नेकपा एमाले, नेकपा माओवादी केन्द्र र नेपाली कांग्रेस मुख्य प्रतिस्पिर्धी दलहरु हुन्। यसबाहेक राप्रपाले पनि आफ्नो छुट्टै उम्मेद्वारी दिएको छ। एमाले बाहेकका गठबन्धन दल मिलेर जाने प्रयास अन्तिममा असफल भएको थियो

यसअघिको निर्वाचनमा एमालेले अध्यक्ष, उपाध्यक्ष तथा ५ वटा वडामा जित निकालेको थियो। कांग्रेसले भने १ नम्बर र ३ नम्बर वडामा जितेको थियो। माओवादी केन्द्रले अध्यक्ष पदमा दोस्रो स्थान ल्याएको भएपनि कुनै पदमा जित निकाल्न सकेको थिएन।

यसअघिको निर्वाचनमा एमालेका ताराबहादुर काफ्लेले करिब ६ हजार ६ सय मत ल्याएका थिए भने माओवादी केन्द्रका सूर्यबहादुर धिमाललले करिब ४ हजार ६ सय मत ल्याएका थिए। कांग्रेसका उम्मेद्वार केदारबहादुर थापाले ४ हजार ३ सय मत ल्याएका थिए।

माओवादीबाट ७६ वर्षे उम्मेदवारको सूर्य धिमालको भनाई



'उमेरले म त्यहाँ फुटबल खेल्न जाने होइन, ज्ञान र योजना लिएर जाने हो। फुटबल खेल्न त सक्दिन होला। तर, सक्रियताको हिसावले म एभरग्रिन हो,' मोरङको कानेपोखरी गाउँपालिकाको अध्यक्षका उम्मेद्वार ७६ वर्षे सूर्य धिमालले भने।

मोरङको कानेपोखरी गाउँपालिकामा उनले ०७४ सालमा पनि उम्मेद्वारी दिएका थिए। त्यसबेला उनलाई एमालेबाट उम्मेद्वार बनेका तारा काफ्लेले पराजित गरेका थिए। पुनः सोही पदमा माओवादी केन्द्रको तर्फबाट उम्मेद्वार बनेका धिमालले यस पटक एमालेका तर्फबाट उम्मेद्वार बनेकी राजमती इङ्नाम र कांग्रेसका उम्मेद्वार संजय भट्टराईसँग प्रतिस्पर्धा गर्दैछन्।

यसअघिको निर्वाचनमा दोस्रो मत ल्याएका उनलाई यो पटक जित्ने आधार के छ भनि सोधिएको प्रश्नमा उनी भन्छन्, 'अन्य पार्टीका साथीहरुको पनि मलाई सहयोग हुन्छ।' चुनावमा जिते के गर्नुहुन्छ भन्ने प्रश्नमा उनी भन्छन्, 'म शासक होइन जनताको सेवक बन्न जाने हो।'

उनी २०२४ सालदेखि २०३१ सालदेखि विराटनगर नगरपालिकामा वैदार हुँदै मुखिया काम गरेका थिए। त्यसपछि घरगृहस्थी जीवनमा फर्किए। त्यसपछि साथीहरुको संगतमा लागेर पञ्चायत राजनीतिमा लागे। उनले राजनीति भने झापादेखि सुरु गरेको बताउँछन्।

विराटनगरमा ३१/३२ सालमा गासस बनेका उनी ०३८ सालमा तत्कालिन मोरङको बयरवन ७ मा आएर वडाध्यक्ष बनेका थिए। त्यसपछि उनी तत्कालिन बयरवन गाउँ पञ्चायतको उपप्रधानपञ्च पनि बने। त्यसबेला उनले खरायो चिन्हमा चुनाव लडेका कारण उनलाई अहिले पनि पुराना पुस्ताले खरायो बाबै भन्छन्। 'मलाई अहिले पनि पुराना साथीहरुले खरायो बाबैं भन्छन्,' उनी सुनाउँछन्।

त्यसबेलाका प्रतिस्पर्धी सोमनाथ बाँस्तोलालगायत ४ जना प्रतिस्पर्धीको मत जोड्दा पनि नपुग्ने गरी उनले मत ल्याएका थिए। त्यसबेला ३ हजार ७ सय हाराहारी मत ल्याएका उनी भन्छन्, '४ जना प्रतिस्पर्धीको मत जोड्दा पनि मेरो जति पुगेन।'

उपप्रधानपञ्चको पद सकिएसँगै चुपचाप बसेका उनी मार्क्सवाद अध्ययनमा लागे। पछि किराँत राष्ट्रिय मुक्ति मोर्चाको केन्द्रीय सदस्य बनेका उनले किराँत र लिम्बुवानको अन्तरविरोध भएपछि धिमाल राष्ट्रिय मुक्ति मोर्चा गठन गरे। त्यसबेला उनी सो मोर्चाको केन्द्रीय उपाध्यक्ष बने। त्यो मोर्चाको काम गर्दैगर्दा माओवादी नेता गोपाल किराँतीसँग भेट भयो। त्यसपछि माओवादी आन्दोलनमा लागेका उनी अहिलेसम्म त्यही पार्टीको राजनीतिमा छन्।

बुढ्यौली उमेरमा जाँगरका साथ उम्मेद्वारी दर्ता गराउनु भएको छ नि भन्ने प्रश्नमा उनी भन्छन्, 'वर्तमान अवस्थामा हाम्रो पार्टीको कार्यकर्तामा पनि यताउता भएको अवस्था छ, संख्यात्मक हिसावले हिंजोको भन्दा बढी पार्टी सदस्यता संख्या बढेको छ, हामी कडा प्रतिस्पर्धा गर्ने अवस्थामा छौं, पहिलेको भन्दा बढी नयाँ ढंगले चुनावमा जान सक्यौं भने हामी चुनाव जित्छौं भन्ने मलाई लागेको छ।'

सादा जीवन, स्वच्छ छवि र स्थानीयस्तरमा लोकप्रिय रहेका धिमाललाई पार्टीको मात्रै नभएर स्वतन्त्र मानिसहरुले पनि मत हाल्ने शिक्षक चन्द्र अधिकारी बताउँछन्।

एमालेबाट राजमती इङ्नाम



साधरण पढलेख भएकी एमालेकी उम्मेद्वार राजमती इङ्नाम यसअघिको कानेपोखरी गाउँपालिकाकी उपाध्यक्ष हुन्। कानेपोखरीमा यसअघि एमालेले अध्यक्ष, उपाध्यक्षसहित ५ वटा वडामा जितेको थियो। इङ्नाम कानेपोखरी ६ की स्थायी बासिन्दा हुन्।

अध्यक्ष ताराबहादुर काफ्लेले फेरि दोहोर्‍याउने चाहना राखेको भएपनि इङ्नामलाई अन्तिममा एमाले नेतृ शिवमाया तुम्बाहाम्फेको पहलमा उम्मेद्वार बनाइएको चर्चा छ। यसअघिको उपाध्यक्ष पदमा रहँदा उनले गरेको अनुगमन लगायतका काममा धेरैको असन्तुष्टि रहेको चर्चा हुने गरेको छ।

आदिवासी जनजाति लिम्बू समुदायबाट उम्मेद्वार बनेकी इङ्नामले सोही मत र एमालेको सांगठनिक बलमा चुनाव जित्ने सो पार्टीले जनाएको छ। यद्यपि, एमालेमा ताराबहादुर काफ्लेको टिम चुनाव प्रचारमा मौन बसेको कारण सो पक्षको भोट इङ्नामलाई नै नजाने कतिपयको विश्लेषण छ।

कांग्रेसबाट सञ्जय भट्टराई



विराटनगरमा घर भएपनि पुर्ख्यौली थलो कानेपोखरी ४ का सञ्जय भट्टराई नेपाली कांग्रेसबाट कानेपोखरी गाउँपालिकाको अध्यक्षका उम्मेद्वार हुन्। उनलाई कानेपोखरीका स्थानीयले 'पाहुना' उम्मेद्वार भन्ने टिप्पणी गरिरहेका छन्।

यसअघि पटकपटक जुवा खालबाट पक्राउ परेका भट्टराईलाई कांग्रेसका नेता डाक्टर सुनिल शर्माको जोडबलमा उम्मेद्वार बनाइएको हो। स्थानीय कांग्रेसका अधिकांश नेता कार्यकर्ता गठबन्धन बनाएर जानुपर्छ भन्ने लाइनमा हुँदा भट्टराईले भने एक्लै लड्ने अड्डी लिएका थिए। सुनिल शर्मा र मोरङ क्षेत्र नम्बर ३ (क)का प्रदेश सांसद सूर्यमाराज राईको ब्याकअपमा चुनावमा उठेका उनलाई धेरै कांग्रेसीले मन पराउँदैनन्।

# कानेपोखरी गाउँपालिका संचालन गर्दा एमालेलाई लागेको ९ आरोप

१) आर्थिक वर्ष ०७५/०७६ सम्ममा ४ करोड १३ लाख ५५ हजार रुपैयाँ रकम गैरकानूनी तरिकाले खर्च। उक्त रकम भ्रष्टाचार गरेको हुनसक्ने आशङ्का गरिएको छ। आर्थिक वर्ष ०७६/०७७ र ०७७/७८ को बेरुजु रकम समावेश गर्दा कानेपाखरीमा झण्डै १० करोड रकम अनियमितता हुनसक्ने।

२) करारमा कर्मचारी भर्ना गर्दा वा रोजगारी तथा शीपमुलक तालिमको अवसर आउँदा आफन्त, नातागोता र कार्यकर्तालाई मात्रै प्राथमिकता दिने, गरिव तथा विपन्न समुदायलाई पाखा लगाउने गरिएको छ।

३) कोरोना काल (लकडाउन)मा राहत वितरण, माक्स्क वितरणमा व्यापक असमानता गरि कार्यकर्तालाई मात्रै वितरण गरियो।

४) कोरोना खोपको चरम अभावको बेला कार्यकर्तालाई घरघरमा पुगेर खोप दिने तर आम सर्वसाधरणको जीवनमाथि खेलवाड गरियो।

५) कृषि अनुदान कार्यकर्तालाई मात्रै बाँडियो। पावर टिलर, हाते ट्याक्टरलगायतका अनुदानका कार्यक्रम पनि जनप्रतिनिधि, आफन्त र कार्यकर्तालाई बाँडियो।

६) विकासका नाममा टुक्रे योजना राखी कार्यकर्तालाई व्यापक भ्रष्टाचारमा समावेश गराइयो।

७) जहिले पनि उपभोक्ता समिति निर्माण गर्दा कार्यकर्तालाई मात्रै समावेश गरेर समिति निर्माण गरियो। जनतालाई विकास निर्माणका काममा सहभागी गराइएन।

८) चिसाङ खोलाको गिटी बालुवा अमानतमा दिई अनियमितता गरी लाखौं हिनामिना गरियो।

९) गरिवको लागि स्वास्थ्य बिमा कार्यक्रमलाई कार्यकर्ता र आफन्त केन्द्रीत गरिएका लगायत आरोप लागेको छ।

**सूचना सूचना सूचना**

*सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो। यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ। सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं।*

**सडक डिभिजन कार्यालय
विराटनगर प्रदेश नं. १**